# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## जलजला गाउँपालिका
## पर्वत

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

जलजला गाउँपालिका

पर्वत

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

जलजला गाउँपालिका

पर्वत

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

**अनामनगर, काठमाडौं, नेपाल**

Anamnagar, Kathmandu, Nepal

## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(गण्डकी प्रदेश)

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

प.सं. २०८०।८१

च.नं. ४१ मिति : २०८१।२।१०

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

जलजला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

पर्वत।

१. **कैफियत सहितको राय** — हामीलेपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड ६३ लाख ४७ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.७ लाख १४ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु.१२ लाख ५१ हजार नियमित गर्नुपर्ने रु.७२ लाख ३२ हजार, प्रमाण पेश गर्नुपर्ने रु.७१ लाख ४९ हजार समेत गरी यस वर्ष रु.१ करोड ५६ लाख ३३ हजार बेरुजू कायम रहेको छ । पालिकाको गतवर्ष सम्म रु. १० करोड १० लाख १७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ११ करोड ६६ लाख ५० हजार रहेको छ ।पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(जयराम घिमिरे )

**नायब महालेखापरीक्षक**

जलजला गाउँपालिका,

पर्वत जिल्ला

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिए को | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| २६ | ११७ | १६३४७ | ० | २ | ७१४ | २६ | ११५ | १५६३३ | १२५१ | ७२३२ | ७१४९ | ० | ० | १४३८१ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पर्वत | १०१०१७ | ० | ० | ० | ० | १५६३३ | ११६६५० |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।०८० | ३१ | वढी भ्रमण भत्ता दाखिला भएको। | १४००० |
| २ | ०७९।०८० | ५६ | व्याकु हु लोडर खरिदमा विजक पेश गरेको । | ७००६०० |
| | | | | |
| | चालु वर्षको जम्मा | | | ७१४६०० |
| | गत विगत वर्षतर्फको | - | - | - |
| | गत विगतको जम्मा | - | - | - |
| | कुल जम्मा | - | - | ७१४६०० |

## २ परिचय

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल ८२.२६ वर्ग किलोमिटर तथा २१११९ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२४ देखि २०८०।५।२६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबारको  बिस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **आन्तरिक नियन्त्रण प्रणाली**

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन।

• पालिकाले २०७९।०८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन। स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।

• पालिकाले मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको देखियो।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• सहायक जिन्सी खातामा कर्मचारी तथा पदाधिकारीले प्रयोग गरेको सवारी तथा अन्य जिन्सी सामाग्रीहरुको सम्बन्धित व्यक्तिले बुझिलिएको दस्तखत गरेको र अवकाश वा सरुवा भएका कर्मचारीले फिर्ता गरेका मालसमान हाल कुन अवस्थामा भएको वा अन्य कुनै कर्मचारीलाई पुनः प्रयोगका लागि बुझाएको भन्ने रेकर्ड व्यवस्थित रुपमा राखेको पाइएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४को नि ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा सुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको, सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद २ दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनुसूची २ को ढाँचा बमोजिम उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको,

• सामाजिक सुरक्षा वितरण भत्ता कार्यविधि, २०७७ को परिच्छेद ७ को दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२ (३) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको।

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२ (२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको।

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको।

• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको,

• सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,

## ३ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.१ यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ३६९९५०४३, यस वर्षको प्राप्ति रु. ४४४३९४२२ यस वर्षको भुक्तानी रु ४८९६२९६१३ र बैङ्क मौज्दात रु. ४१५६२५२४ रहेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ । यस सम्बन्धि विवरण अनुसूची- ३ मा उल्लेख गरिएको छ ।

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १०७१६००००, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु ११३६६००० र गरीवसँग विश्वेसर ४६५०००, पर्यटन पूर्वाधार विकास आयोजना ४००००० समेत गरी रु ११९३९१००० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.३ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | २६६५५६४५.३६ | २६९४२३८.४८ | २३९६१४०६.८८ |
| चालु खर्च खाता | ० | १०६१०४६१.८६ | -१०६१०४६१.८६ |
| पुँजीगत खर्च खाता | ० | १३३५०९४५.०२ | १३३५०९४५.०२ |
| विविध खर्च खाता | ६३७०१९२.६१ | ६३७०१९२.६१ | ० |
| विपद व्यवस्थापन खाता | १५७१६८.६२ | १५७१६८.६२ | ० |
| स्थानीय विभाज्य कोष | ० | ० | ० |
| कर्मचारी कल्याण कोष खाता | ० | ० | ० |
| धरौटी | ६३७९५१७.८५ | ६३७९५१७.८५ | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| १.३ आन्तरिक अनुदान | 0 | 0 | 0 |

| | |
|---|---|
| जम्मा | |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ

## ४ खर्च विश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु ४२४३३३८९.७३ राजस्व बाँडफाँड र अनुदानबाट रु ४६ करोड ४९ लाख समेत रु ५० करोड ७३ लाख ५४ हजार आम्दानी भएकोमा चालु तर्फ रु ३१९५०३२३३.८० र पूँजिगत तर्फ रु १६११९५१६०.६८ समेत रु ४८०६९८३९४.४८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ८.८२ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु १०९९६५८६ खर्च भएको छ जुन आन्तरिक आयको २५ .७० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.४३७ प्रतिशत चालु र ३३.५३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ५ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट रु हजारमा | खर्च रु हजारमा | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७४३१७ | ३८३७३ | ५१.६३ |
| २ | पूर्वाधार विकास | ९३३५० | ७४६५५ | ७९.९७ |
| ३ | सामाजिक विकास | २७५१४६ | २५१८६४ | ९१.५४ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १५९१८ | १४२४२ | ८९.५७ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १३३८७२ | १०१५६३ | ८१.८८ |
| जम्मा | | ५८२६०३ | ४८०६९८ | ८२.५० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ९१.५४ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटी ५१.६३ प्रतिशत रहेको छ ।

## ६ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । (रु. हजारमा)

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १६११९५ | ७८२६ | १३४०४ | ५१००० | ८८९६५ | ५७५६० |
| प्रतिशत | १०० | ४.८५ | ८.३२ | ३१.६४ | ५५.१९ | ३५.७१ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१६११९५०००/- निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ७८२६०००/- (४.८५ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१३४०४०००/- (८.३२ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. ५१००००००/- (३१.६४ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ५७५६००००/- (३५.७१ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## ७ लक्ष्य प्रगति

पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्नुपर्दछ।

## ८ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## ९ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त

समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था वमोजिम पालिकाले समितिको गठन गरेको छ। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## १० बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रु. ४८ करोड ४५ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## ११ गाउँपालिका पूँजिगत बजेटबाट वितरणमुखी चालु प्रकृतिको खर्च

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गाँउपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ अनुसार पूँजिगत बजेटबाट चालु खर्च गर्न नमिल्ने उल्लेख छ । अनुसूची ४ मा उल्लेख भएका अनुत्पादक एवं प्रतिफल प्राप्त नहुने कार्यमा पुँजिगत रु १४७४९७५ शीर्षकबाट खर्च लेखेको छ । चालु खर्च मितव्ययी तथा पूँजिगत खर्च नतिजामुखी कार्यमा खर्च गर्नुपर्दछ । केही गोश्वारा भौचरको नमूना परीक्षण गर्दा निम्नानुसार शीर्षक/कार्यमा पूँजिगत शीर्षकबाट चालु प्रकृतिको कार्यमा खर्च गरेको नियमित नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | १४,७४,९७५ |

**(विस्तृत विवरण बेरूजु दफा ११ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## १२ बजेट अवण्डा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु ९० लाख अबण्डा बजेट व्यवस्था गरेको छ । बजेट

अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क सं | योजनाको नाम | बजेट रकम |
|---|---|---|
| १. | वातावरण तथा विपद व्यवस्थापन खर्च | ५०००००० |
| २. | जेष्ठ नागरिक व्यवस्थापन, विपन्न नागरिक सशक्तिकरण तथा आत्मनिर्भर कार्यक्रम | ४०००००० |

## १३ सशर्त अनुदान रकम अन्यत्र खर्च

सशर्त अनुदानमा संघीय सरकारबाट प्राप्त रकम तोकिएको कार्य र कार्यक्रममा खर्च गर्नुपर्दछ। भौ.नं ८३।०८०।३।२३ बाट संघीय सरकारको सशर्त अनुदानको रकम तोकिएका कार्यक्रम र शर्तका आधारमा खर्च गर्नुपर्दछ। पालिकाले गायत्री राधामाधव मुक्तिनाथ सत्सङ्गश्रममा महायज्ञ संचालनको लागि सो आश्रमका अध्यक्ष लोकनाथ आचार्यलाई रु. ५००००/- भुक्तानी गरेकोमा उक्त कार्यक्रम सशर्त अनुदानमा तोकिएको छैन । संघीय सरकारको सशर्त अनुदानमा तोकिएको भन्दा फरक शीर्षक र काममा खर्च गरेकोले उक्त रकम असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,००० |

## १४ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताको आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल रु. १५ करोड ८९ लाख ७ हजार वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १४ | ८ | १ | ५ |
| २. | वडास्तरीय | १२९ | १ | १ | १२७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनाको साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १३३ योजनामात्र कार्यान्वयन भई १० योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## १५ रेडियो शालीग्राम व्यवस्थापन

भौ.नं. ५७ मिति २०७९।७।३ बाट रेडियो शालीग्राम १००.६ मेगाहर्ज संचालन, व्यवस्थापन र उपकरण जडानको लागि कम्प्युटर खरिद कार्यालय व्यवस्थापनका लागि सोफासेट, लगायतका सामानहरु खरिद वापत रु. १००,०००/- भुक्तानी गरेकोमा गाउँपालिकाको बजेटबाट उक्त कार्य व्यवस्थापन गरेवापत गाउँपालिकाले सो रेडियोबाट प्रसारण हुने सन्देशमूलक सूचना, जानकारी तथा प्रचारप्रसारमा पाउने सहुलियतको सम्बन्धमा सम्झौता गरी भुक्तानी गर्नुपर्नेमा गाउँपालिकाले प्राप्त गर्ने सेवाको सुनिश्चितता बेगर एक रेडियो प्रसारलाई रकम भुक्तानी गर्नु नियमित नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

## १६ मोवाइल फोन

भौ.नं. १६३ मिति २०७९।८।२७ बाट एक थान मोवाइल फोन खरिद गरी कालिका इम्पेक्सलाई रु. ८५९९९/- भुक्तानी गरेको छ । उक्त मोवाइल (One Plus 8t 12/250) को कसको जिम्मामा छ, सहायक जिन्सी खाता माग गरिएकोमा जिन्सी खाता पेश नहुनाको साथै मौज्दातमा देखाउन भनिएकोमा मर्मतमा गएको जानकारी दिएको छ । मर्मतमा सामान लैजादा कार्यालयबाट मर्मत आदेश गरी लैजान पर्नेमा कार्यालय प्रमुखले मर्मत आदेश दिएको देखिएन । तसर्थ, उक्त मोवाइल फोनको सम्बन्धमा छानविन गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८५,८९९ |

## १७ वितरणमुखी कार्य

गाउँपालिकाले चालु खर्च मितव्ययी ढङ्गले गर्नुपर्दछ । स्थानीय स्रोत र साधनको उपयोग गर्दै स्थानीय स्तरमा रोजगारी बृद्धि हुने, उत्पादन र उत्पादकत्व बृद्धि गर्दै जनताको आयस्तरमा बृद्धि ल्याउने प्रकार र योजनामा बजेट खर्च गर्नुपर्दछ। नमूना परीक्षणको आधारमा हेर्दा निम्नानुसार भौचर नं. मितिबाट वितरणमुखी कार्यमा खर्च गरेको देखियो। वितरणमुखी कार्यमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गरी नतिजामुखी कार्यमा खर्च गर्नुपर्ने देखिएको रु.

| भौ.नं., मिति | विवरण | रकम |
|---|---|---|
| ५५।०७९।७।२ | जेष्ठ नागरिकहरुलाई २४ थान कम्बल खरिद गरी वितरण गरेको | १५६०० |
| १२९।०७९।८।१४ | अध्यक्षको तोकादेश अनुसार म्याग्दी जिल्ला व्याडमिन्टन संघलाई भुक्तानी | २०००० |

| | | |
|---|---|---|
| ३२४।०७९।१०।२९ | नेपाल मगर संघ | १५००० |
| ३२७।०७९।११।०२ | हिम सुशेली युथ क्लब | ५०००० |
| ३४९।०७९।११।१२ | पर्वत उद्योग वाणिज्य संघ | २५००० |
| ३५१।०७९।११।१२ | मोहन बहादुर मल्ल साहित्य प्रतिष्ठान | १५००० |
| ४४४।०७९।१२।१७ | २ जनालाई आर्थिक सहयोग | २५००० |
| | जम्मा | १६५६००/- |

| | |
|---|---|
| अनियमित भएको | १,६५,६०० |

## १८ विपद उद्दार, राहत तथा पुनर्स्थापना खर्च

विपद उद्दार, राहत तथा पुनर्स्थापना खर्चः विपद् जोखिम न्यूनिकरण तथा विपद् व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्ध नभएको कुनै पनि कार्यमा विपद कोष प्रयोग गर्न नपाईने कानूनी व्यवस्था छ। विपद राहत उपलब्ध गराउनुपूर्व विपद्‌को घटना र सोबाट पर्न गएको हानी नोक्सानीको मूल्याङ्कन सहितको सर्जमिन मुचुल्का वा प्रतिवेदन समेत निवेदनसाथ संलग्न गर्नुपर्ने कानूनी प्रावधान भएपनि कार्यालयले निवेदन र तोकआदेशका आधारमा यस्तो राहत उपलब्ध गराएको पाइयो । मापदण्ड र कार्यविधि समेत तर्जूमा नगरी गरिने यस्ता खर्चहरु नियन्त्रण हुनुपर्दछ । केही उदाहरणहरु देहाय बमोजिम छन् ।

| भौचर नं/मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| ४२।०७९।१०।५ | गौबहाहदुर पूर्जा, वडाध्यक्षमार्फत, वडा नं. ९ | ५०००० | घाँटीको टनशिल भइ उपचारको लागि रकम प्रदान गरेको । |
| ११।०७९।६।१४ | आचार्य इलेक्ट्रिकल्स | ४२३५० | विद्युत सर्ट भइ भएको क्षतीबाट पीडितहरुको घरको विद्युत मर्मत गरेवापत भुक्तानी गरेको, तर कुन कुन घरको क्षति भएको मुचुल्का प्रतिवेदन लगायतका विवरण संलग्न नगरी भुक्तानी गरेको। |
| ४३।०७९।१०।५ | म्याग्दी कृषि सामाग्री केन्द्र (६०७८०५३५२) | ३८७३० | वर्षातको समयमा भएको क्षतिको रोकथामका लागि त्रिपाल खरिद गरिएकोमा कुन ठाउँमा भएको क्षतिको लागि खरिद गरिएको र सो त्रिपाल कसलाई वितरण गरिएको विवरण समेत नखुलेको |

| | | | |
|---|---|---|---|
| ४८।०७९।१०।२९ | मनिषा दर्जी | १५००० | विपद् व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्ध नभएको विषय जेहेन्दार र विपन्न भएकाले पठनपाठनका लागि आर्थिक सहायता प्रदान गरेको। |
| ७०।२०८०।३।२१ | पार्वती शर्मा रेग्मी | ६००० | जिविकोपार्जनका लागि कठिनाई भएकोले आर्थिक सहायता प्रदान गर्नु नियमसंगत नदेखिएको। |

## १९ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

## २० कानून तथा संचालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १५ वटा ऐन, ४ वटा नियमावली, ४८ वटा कार्यविधि, निर्देशिका, मापदण्ड लगायत ६३ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

## २१ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो वर्ष थप भएको ३ गरी कुल ५ विवाद दर्ता भएकोमा ३ वटा मात्र फस्यौंट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## २२ स्थानीय तथ्याङ्क

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत

नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

## २३ ल्याब परीक्षण

भौ.नं. ६ मिति २०७९।६।१२ बाट वडा नं. ३ स्थित विद्याज्योति मा.वि. भवन पुनःनिर्माणको लागि अन्तिम बिल वापत रु. २३११४७७/- त्रिशक्ति कन्सट्रक्सन प्रा.लि.लाई भुक्तानी गरेकोमा सि.नं. २ को प्रोभिजनल सममा ल्याब टेष्ट वापत रु. ३३२१०/- भुक्तानी गरेकोमा ल्याव परीक्षण प्रतिवेदन पेश नभएकोमा खर्च भुक्तानी गरेकोले ल्याव टेष्टको परीक्षण विल तथा प्रतिवेदन पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,१०० |

## २४ पेश्की दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ बमोजिम पेश्की लिने सरकारी कर्मचारीले तोकिएको म्याद भित्र पेश्की फर्छ्यौट नगरेमा त्यस्तो पेश्की रकममा वार्षिक १० प्रतिशतका दरले व्याज सहित असुल गर्नुपर्ने उल्लेख छ । भौ.नं. ६८ मिति २०७९।११।१२ बाट गाउँपालिकाका विद्यालयहरुलाई हस्तान्तरण गर्न कम्प्युटर खरिदका लागि २०७८ भाद्र महिनामा दामोदर पौडेलको निवेदन अनुसार रु. ५०००००/- लिएकोमा निजले सो पेश्कीबाट काम नगरी सरकारी रकम प्रयोग गरी मिति २०७९।४।१३ मा नगदै दाखिला गरेकोले नियमको उक्त प्रावधान बमोजिम भुक्तानी लिएको मिति २०७८ भाद्र देखि २०७९।४।१२ सम्मको १० महिनाको हुने ब्याज रु.४१६६७/- असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,६६७ |

## २५ वर्षान्तमा पेश्की

भौ.नं. २२३ मिति २०८०।३।८ बाट वार्षिक कार्यक्रम अनुसार महिलाहरुका लागि उदघोषण कला सम्बन्धी तालिम तथा सुत्केरी अवस्थाका महिलाहरुलाई पोषण सम्बन्धी तालिम संचालनको लागि विन्दु शर्मालाई रु.४००००० आ.व. को अन्तमा पेश्की दिएको छ । आ.व.को अन्तमा पेश्की दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

## २६ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु ३५२१७९६ बाँकी रहेको देखिन्छ ।पालिकाले उपलब्ध गराएको विवरणमा पेश्की लगेको मिति, पेश्की लानेको नाम नामेशीको विवरण खुलाएको छैन

। जस्ले गर्दा को कस्को पेश्की बाँकी हो खुलासा भएन ।पेश भएको विवरण अनुसार निम्नानुसार म्याद नाघेको पेश्की रु. ५१९००० फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु

| विवरण | गत वर्षको पेश्की बाँकी | यस वर्षको थप | जम्मा |
|---|---|---|---|
| कर्मचारी | १३७०००० | ४८९००० | १८६१७२४ |
| मोविलाइजेशन | १४४५०७२ | ० | १४४५०७२ |
| अन्य पेश्की | १८५००० | ३०००० | २१५००० |
| जम्मा | ३०००००७२ | ५१९००० | ३५२१७९६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,१९,००० |

२७ **शीर्षक फरक**

आर्थिक कारोबार गर्दा तोकिएको खर्च शीर्षक अनुसार गर्नुपर्दछ । भौ.नं. १३ मिति २०७९।६।३१ बाट ल्यापटप, कम्प्युटर तथा प्रिन्टर खरिद वापत ग्लोरी कम्प्युटर वर्ल्डलाई रु. २२६०००/- भुक्तानी गरेकोमा मेशिनरी औजार शीर्षकबाट खर्च लेख्नुपर्नेमा फर्निचर तथा फिक्चर्सबाट खर्च लेखेको र भौ.नं. ३१ मिति २०७९।९।२० बाट अधिकारी ब्रदर्श इलेक्ट्रिक एण्ड इलेक्ट्रोनिक्स पर्वतलाई फ्रिज, मिक्सचर, हटकेश खरिद वापत मेशिनरी औजार शीर्षकमा खर्च लेख्नुपर्नेमा फर्निचर शीर्षकमा खर्च लेखेको फर्निचर शीर्षकमा खर्च लेखेको रु. ४५००० समेत शीर्षक फरक पारी खर्च लेखेको नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,७१,००० |

२८ **प्रविधि हस्तान्तरण**

गरिवी निवारणको लागि लघु उद्यम कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा मा सीप विकास तालिम प्राप्त प्रशिक्षार्थिलाई उपयुक्त प्रविधि कार्यक्रम हस्तान्तरण गर्न व्यवस्था छ । पालिकाले वितरण गरेको तान लिने व्यक्तिहरु कुन अवधिमा कुन प्रकारको तालिम गरी सो प्रविधि हस्तान्तरण लिएको भन्ने कुनै प्रमाण पेश नभएको । कार्यविधिमा २० प्रतिशत लागत साझेदारी गर्ने उल्लेख भएकोमा सम्झौता रकम रु ४७४६००।०० को २० प्रतिशत ले हुने रकम रु ९४९२० तालिम लिनेलाई जम्मा गर्न लगाई प्रविधि वितरण गर्नुपर्नेमा सो नगरेकाले प्रविधि वितरण गरेको नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ९४,९२० |

## २९ प्रमाणपत्र

भौ.नं. २४१ मिति ०८०।३।१९ बाट बेरोजगारी तथा गरिब युवाहरु १० जनालाई ड्राइभिङ तालिम दिएवापत रु. ११५२००/- भुक्तानी गरेको छ । गरिब तथा दलितहरुलाई ड्राइभिङ तालिम दिई आत्मनिर्भर गराउने उद्देश्य रहेकोले तालिम पश्चात तालिम प्रमाण पत्र प्रदान गरेको नदेखिनुको साथै तालिमको उपलब्धी मापन गर्ने सूचक बेगरको तालिमको प्रभावकारिता मूल्यांकन हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१५,२०० |

## ३० सुरक्षित नागरिक आवास

गरिबीको रेखामुनी रहेका घर परिवारलाई सुरक्षित नागरिक आवास निर्माण गर्न सरकारले अनुदान रकम उपलब्ध गराएको छ । कुल अनुदान रकम रु. ५००००/- हुने र दुई किस्तामा रकम उपलब्ध गराउने उल्लेख छ । गाउँपालिकाले जस्तापाता लगाई फुसको छानो विस्थापित गराउने उद्देश्यले ११० जना लाभग्राही छनौट गरेको देखिन्छ। छनौट भएका ११० लाभग्राहीले प्रथम किस्तावापत प्रति लाभग्राही रु. ३१७९०/- का दरले रु. ३४९६९००/- गत वर्षमा नै अनुदान लिएका छन् । यो वर्ष निम्नानुसार दोस्रो किस्ता भुक्तानी गरेको देखियो ।

| भौ.नं. र मिति | दोस्रो किस्ता लिने | जम्मा रकम |
|---|---|---|
| १३।०७९।१०।२० | ६८ जना ×१८२१० | १२३८२८० |
| ३०।०७९।१२।२४ | २३ जना ×१८२१० | ४१८८३० |
| ४३।०८०।२।२१ | ८ जना ×१८२१० | १४५६८० |
| ६९।०८०।३।२२ | ३ जना ×१८२१० | ५४६३० |
| | जम्मा १०२ | १८५७४२० |

सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को बुँदा नं. ६ मा किस्ता बमोजिमको कार्य प्रगति अनुदान उपलब्ध गराएको मितिले तीन मिहना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम स्थानीय तहले असुल उपर गर्ने उल्लेख छ । प्रथम किस्ता लिने ११० लाभग्राही मध्ये १०२ लाभग्राहीले बुँदा नं. ७ बमोजिमको निर्माण सम्पन्न प्राविधिक प्रतिवेदन पेश गरेबाट बाँकी ८ लाभग्राहीले प्रथम किस्ता रु. ३१७९०/- का दरले हुने रु. २५४३२०/- अनुदान लिएको ३ महिना भित्र कार्य प्रगति गरी दोस्रो तथा अन्तिम किस्ता प्राप्त नगरेकोले प्रथम किस्ता वापतको रकम स्थानीय तहले असुल उपर गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५४,३२० |

## ३१ बढी भ्रमण खर्च

*४* ........(*प्रारम्भिक प्रतिवेदन उपर रकम दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१७ को निर्णयबाट रु १४००० समपरीक्षण गरिएको*)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ३२ व्यावसायिक कारोवार

भौ.नं. २७० मिति २०८०।३।२१ बाट वडा नं. ९ को बनौं देउराली डाँडाखोर बस्ती सडकको डि.पि.आर सम्पन्न गरेवापत जुनु कन्सट्रक्सन एण्ड कन्सल्ट प्रा.लि.लाई रु. १९६६२०/- भुक्तानी गरेको देखिन्छ । जुनु कन्सट्रक्सनको व्यवसायिक कारोवारमा परामर्श सेवाको कार्यक्षेत्र (Scope of work) मा परेको नदेखिएकोले कार्यक्षेत्र खुलेको प्रमाण बेगरको खर्च नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,९६,६२० |

## ३३ विविध खर्च

कार्यालयले खर्च शीर्षकमा स्पष्ट नपरेको तर खर्च गर्नु नै पर्ने कार्यमा खर्च गर्नुपर्दा विविध शीर्षकमा गरेको हुन्छ । चालु खर्च मितव्ययी र पूँजिगत खर्च नतिजा प्राप्त गर्ने ढंगले गर्नुपर्ने व्यवस्था छ । चालु खर्चलाई नमूना परीक्षणका रुपमा केही भौचरहरु परीक्षण गर्दा निम्नानुसारका खर्चहरु विविध शीर्षकबाट गरेको देखिन्छ । मितव्ययी ढंगले खर्च गर्नुपर्नेमा देहाय बमोजिमका कार्यमा खर्च गरेकोले यस्तो खर्च नियन्त्रण हुनुपर्दछ । उदाहरणका लागि निम्न छन्ः

| भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|
| १९।०७९।६।११ | डि.जि. सपिङ सेन्टरबाट रेनकोट, ट्रयाकसुट, जुत्ता खरिद | ६७५०० |
| ४३।०७९।६।१४ | कालीगण्डकी रेष्टुरेण्ट एण्ड लजबाट प्रयोजन बेगरको खाना खाजा खर्च | ४८७०० |
| १७५।०७९।९।१ | शारदा होटलको विलानुसार खाना खाजा खर्च | ८५००० |
| ४४३।०७९।१२।१६ | शारदा होटलको विलानुसार खाना खाजा खर्च | ९८४६५ |
| | जम्मा | २९९६६५ |

## ३४ सम्झौता बेगरको गाडी भाडा

गाउँपालिकाको सवारी साधन अपर्याप्त भै बाहिरबाट गाडी भाडामा लिनुपरेको अवस्थामा गाडी भाडामा लिनु पर्नाको आधार, कारण खुलाई गाडी धनीसँग सम्झौता गरी भाडामा लिनुपर्दछ । गाउँपालिकाका योजनाहरु अनुगमन गर्नको लागि गाडी भाडामा लिँदा अनुगमन कार्य योजना पूर्व स्वीकृत गर्नुपर्ने, अनुगमन सूचक तयार गरी अनुगमनमा खटिने

कर्मचारीको विवरण स्वीकृतिको आधारमा जाँदा गाडी भाडा लिन मिल्ने देखिन्छ । गाउँपालिकाले निम्नानुसार गाडी भाडा भुक्तानी गर्दा अनुगमनको कार्ययोजना स्वीकृत नगरेको, अनुगमन प्रतिवेदन पेश बेगर नै गाडी भाडा खर्च गरेको नियमित नदेखिएको रु.

| भौ.नं. मिति | गाडी भाडा बुझ्ने | रकम |
|---|---|---|
| ३१५।२०७९।१०।२९ | पुर्ण बहादुर बरुवाल | ५०००० |
| ३३८।२०७९।११।८ | पुर्ण बहादुर बरुवाल | ३०००० |
| ४४६।२०७९।१२।१९ | पुर्ण बहादुर बरुवाल | २५५०० |
| १९।२०७९।७।२५ | पुर्ण बहादुर बरुवाल | ७०००० |
| | जम्मा | १७५५०० |

| | |
|---|---|
| अनियमित भएको | १,७५,५०० |

### ३५ विल भरपाई वेगर खर्च

कार्यालयले बिल भर्पाई राखी सो आधारमा खर्च गर्नुपर्दछ । भौ.नं. २९५ मिति २०८०।३।२२ बाट वडा नं. २ का वडा सचिव शोभा सापकोटाले विभिन्न सामान खरिद वापत रु. ४८०००/- भुक्तानी गरेकोमा सो को विल भर्पाई पेश नभएकोले विल बेगरको खर्च असुल हुनुपर्दछ, रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४८,००० |

### ३६ तयारी कक्षा संचालन

५८४।०८०।३।०४ बाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार आर्थिक सामाजिक रुपमा विपन्न महिलालाई निःशुल्क लोकसेवा तथा शिक्षा सेवा तयारी कक्षा संचालन गरेबापत राईट पाथ एकेडेमी प्रा.लि.लाई रु.४९६४००/- भुक्तानी गरेको छ । पालिकाले स्वीकृत कार्यक्रम अनुसार संस्थालाई लोकसेवा र शिक्षकसेवा तयारी कक्षा संचालन गर्दा online बाट zoom technology प्रयोग गरी कक्षा संचालन गर्ने कार्यदेश दिएको छ । मिति २०७९।१२।०३ दखि मिति २०८०।०१।२० सम्म संचालन हुने कक्षामा विषय विज्ञलाई प्रशिक्षक भत्ता, यातायात खर्च, ईन्टरनेट जडान जस्ता खर्चमा त्रमशः २४८०००, रु ४९००० गरी दररेट पेश गरेको पाइयो ।प्रशिक्षकले काठमान्डौबाट online कक्षा संचालन गर्दा यातायात खर्च, ईन्टरनेट जडान, क्यामेरा खरिद जस्ता कार्य नियमित सेवा प्रदान गर्ने सेवा प्रदायकबाट गरेको कुरा विश्वसनिय मान्न सकिएन । प्रशिक्षणको विषय, विद्यार्थीको निवेदन र उपस्थिति विवरण,

पाठ्यक्रम, कक्षा घन्टा र प्रशिक्षकको बैंक खातामा भुक्तानी भएको विवरण प्राप्त नभएकोले कार्यसम्पन्न भएको प्रमाण पेश हुनु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९६,४०० |

## ३७ शैक्षिक क्यालेण्डर छपाई

गोभै नं ५३।२०८०।३।२० बाट जि जि प्रिन्ट एण्ड प्रेम उद्योगलाई ३४०० प्रति रु३३ का दरले हुने रु १२६७८६ क्यालेण्डर छपाईमा खर्च लेखेको छ ।विभिन्न ४० विद्यालयलाई ३४०० प्रति क्यालेण्डर वितरण गरेको भरपाई पेश नभएको एवं एक विद्यालयलाई औषत ८५ प्रति क्यालेण्डर वितरण गरेको मितव्ययीताको दृष्टिले पनि औचित्यपुर्ण नदेखिएकाले पालिकाले मितव्ययिता पूर्वक बजेट खर्च गर्नुपर्दछ।

## ३८ सूचना प्रकाशन

सार्वजनिक खरिद ऐन २०६४ को दफा १४ मा बोलपत्र आह्ववानको सूचना राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा प्रकाशन गर्नुपर्ने उल्लेख छ ।गोभै ३०० मिति २०७९।१०।२९ बाट वडा कार्यलय भवन निर्माणसम्बन्धि ठेक्का सूचना मिति २०७९।६।५ मा हिमालयन टाइम्स मा प्रकाशन गर्दा सान्दर्भिक मिडाया नेटवर्कलाई मू अ कर सहित रु १५३५३५ भुक्तानी गरेको छ । हिमालयन टाइम्स पत्रिमा सूचना प्रकाशन गर्दा सोही पत्रिका द्धारा जारी विल भरपाई लिई भुक्तानी गर्नुपर्नेमा अन्य फर्मलाई भुक्तानी गरेकोले खर्च नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,५३,५३५ |

## ३९ विल भर्पाइ

भौ.नं. ६६ मिति २०७९।११।११ बाट अपाङ्गता परिचय पत्र सम्बन्धि स्थानीय समन्वय समितिको बैठक भत्ता रु. १६५००/- भुक्तानी विन्दु शर्मालाई गरेकोमा सो मध्ये प्रमुख प्रशासकीय अधिकृत कुशल सुवेदीलाई रकम बुझाएको भर्पाइ पेश नभएकोले रु. १२७५/- विन्दु शर्माबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२७५ |

## ४० बैदेशिक भ्रमण

भौ.नं. ४३३ मिति २०७९।१२।९ बाट वडा नं. ८ का वडा अध्यक्ष हरि विकास जि.सी. र अध्यक्ष राजु प्रसाद आचार्यको दुवई जाँदा को खर्च रु. ८२५००/- गरेकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्वीकृति लिएको नदेखिएकोले स्वीकृति बेगरको खर्च नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८२,५०० |

## ४१ कार्यसम्पादन मूल्यांकन समिति बैठक भत्ता

कार्यालयका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन फारमको मुल्याङ्कन गर्दा बसेको बैठक वापतको भत्ता भौचर नं ६४ मिति २०७९।०७।०३ बाट प्रशासन अधिकृत प्रताप शर्मालाई भत्ता भुक्तानी गर्न खर्च लेखेको देखिन्छ।कार्यसम्पादन मूल्याँकन फाराम मूल्याङ्कन गर्नको लागि पुनरावलोकन समितिको बसेको बैठक भत्ता वितरण गरेको खर्चको फाँटबारी बमोजिम निम्नानुसारको पदाधिकारीलाई भत्ता भुक्तानी गरेकोमा कार्यसम्पादन मूल्यांकन फाराम भर्ने, मूल्यांकन गर्ने कार्य कर्मचारीको, नियमित र प्रशासनिक कार्य भित्र नै पर्ने भएकोले सो को लागि बैठक भत्ता खर्च लेख्ने कानूनी आधार नदेखिएकोले आधार प्रमाण भए पेश गर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने तथा यस सम्बन्धि विस्तृत विवरण अनुसूची ५ मा रहेको छ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,५०० |

**(विस्तृत विवरण बेरूजु दफा ४१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ४२ प्रकोप व्यवस्थापन कोषमा रकम ट्रान्सफर

वातावरण तथा विपद व्यवस्थापनको लागि गाउँसभाबाट रु. ५० लाख बजेट व्यवस्था गरी कार्यपालिकाको निर्णयबाट प्रकोपको कारणले बाटो मर्मत, सरसफाइमा रु. ३० लाख र मानवीय सहायता जस्तै औषधि उपचार, बाढिपीडित, अन्य विभिन्न प्रकोप एवं समस्यामा परेका व्यक्तिहरुलाई पटके निर्णयको आधारमा खर्च लेख्ने गरी बजेट व्यवस्था गरेकोमा भौ.नं. २२ र २४ मिति २०७९।८।२० र ८।२८ मा क्रमशः रु २० लाख र रु. १० लाख गाउँपालिका प्रकोप व्यवस्थापन कोषमा रकम ट्रान्सफर गरेको देखिन्छ । यसरी सभाले एकमुष्ट बजेट राख्ने र कार्यपालिकाले पटके निर्णयको आधारमा खर्च गर्ने कार्य अनियमित भएको रुकम रु

| | |
|---|---|
| अनियमित भएको | ३०,००,००० |

## ४३ मिनिटिलर वितरण

कार्यालयले वितरित समानको भरपाई प्रमाणित गरिराख्नुपर्दछ ।भैरव मेशिनरी टुल्सबाट मिनिटिलर ५ वटा र कम्बाइन मिल १ वटा समेत ६ थान खरिद गरेकोमा मिनिटिलर ३ थान वितरण गरेको नदेखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५०,००० |

## ४४ आलुको विउ वितरण

आलु खेतीबाट उत्पादन बृद्धि गर्ने कृषकहरुको आर्थिकस्तर वृद्धि गर्ने उद्देश्यले कृषकहरुलाई आलुको वितरण गरेको देखिन्छ । भौ.नं. ९ मिनी २०७९।९।२८ (संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम) बाट ५० प्रतिशत अनुदानमा ५६०० के.जी. आलुको विउ प्रति के.जी. रु. ८०/- का दरले खरिद गरेकोमा पेश भएको विउ वितरणको भर्पाई अनुसार ३४५० के.जी. मात्रको भर्पाइ रहेकोले नपुग २१५० के.जी. ८०/- ले हुने रु.१७२०००/- मा लाभग्राहीको अंश कटाइ भर्पाई पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८६,००० |

## ४५ प्लाष्टिक टनेल वितरण

कृषकलाई वितरण गर्ने सामान खरिद गर्दा माग संकलन गरी आवश्यकताका पहिचान गरी सामान खरिद गर्नुपर्दछ । १०।२०८०।१।२६ बाट कृषकलाई वितरण गर्न (६×१२) को प्लाष्टिक टनेल १४७ थान खरिद वापत म्याग्दी कृषि सामग्री केन्द्रलाई रु. ४५२०३०/- भुक्तानी दिएको छ । तर कार्यालयले ८८ थान टनेल मात्रै वितरण गरी बाँकी ५९ थान टनेल लेखापरीक्षण अवधीसम्म स्टोरमै मौज्दात रहेको छ। आवश्यकता पहिचान बेगर खरिद गरी मौज्दातमा राख्ने कार्य नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,५२,०३० |

## ४६ एक शिक्षण संस्था एक उद्यम कार्यक्रम

एक शिक्षण संस्था एक उद्यम कार्यक्रमः एक शिक्षण संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन नमुना कार्यविधि, २०७९ को दफा ११ मा उद्यमको व्यवसायिक परियोजना प्रस्ताव पेश गर्नुपर्ने तथा छनौट समितिले रु १ लाख जम्मा गरेको प्रमाण पेश गरी सम्झौता गर्नुपर्न उल्लेख छ । पालिकाले मिति २०८०।०१।०७ मा श्री कृष्ण भवन मा वि लाई रु १ लाख अग्रीम जम्मा गरेको प्रमाण वेगर वीउ पुँजीको रुपमा ५२५००० भुक्तानी दिएको, कार्यसम्पन्न भए पश्चात प्रतिलिपि विल भरपाई पेश गरेकोले सक्कल प्रमाण सहित अग्रिम रकम जम्मा भएको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,२५,००० |

## ४७ विल भरपाई वेगर भुक्तानी

भौ.नं. ९२ मिति २०८०।३।२४ बाट लालङ खानी कागती पकेट संचालक समन्वय समितिलाई रु. ७७६८८०/- भुक्तानी गरेको मध्य धौलागिरी मेशिनरी सप्लायर्स पर्वतबाट २ थान मिनिटिलर रु. ११९०००/- मा खरिद गरेको उल्लेख गरेकोमा ५० प्रतिशत अनुदानमा वितरण गरेको भर्पाई र नमुना स्कीन नर्सरी हाउस, पर्वतबाट सुन्तला विउ १३५० र कागती विउ १९५० गोटा रु. ११५५००/- मा खरिद गरेकोमा वितरण भर्पाई समेत रु २३४५०० को वितरण भरपाई पेश नभएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३४,५०० |

## ४८ विद्यालय अनुगमन तथा निरीक्षण

पालिकाभित्रका विद्यालयको अनुगमन गर्न अनुगमन समितिका सदस्य मुकुन्द्रकुमार रेग्मीको सवारी साधन प्रयोग गरे वापत प्रा वि शिक्षक हरिनारायण रेग्मीलाई भरपाई गरी गो भै नं ३ मिति २०७९।६।१३ बाट १२ पटक सवारी साधन प्रयोग गरे वापत रु १०००० का दरले हुने रकम रु १२००००।०० भुक्तानी गरेको ।कुन विद्यालयमा

कहिले अनुगमन गरेको अनुगमन प्रतिवेदन पेश नगरेको कारण अनुगमन भएको यकिन नहुने भएकाले अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२०,००० |

४९ **विद्यालय भवन निर्माण**

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयलाई २ कोठे कक्षा कोठा निर्माणको लागि छनौट गरेका निम्न विद्यालयलाई अनुदान निकासा गरेको देखिन्छ । कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।०८० बमोजिम विद्यालयले उक्त भवन निर्माण गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी प्रमाणित गरी पालिकामा समेत पेश गर्नुपर्ने उल्लेख गरेकोले कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.

| विद्यालयको नाम | प्रयोजन | निकासा रकम |
|---|---|---|
| अमर प्राथमिक विद्यालय | २ कोठे भवन निर्माण | २५००००० |
| सिद्धवावा आधारभूत विद्यालय | २ कोठे भवन निर्माण | २५००००० |
| | जम्मा | ५०००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००,००० |

५० **प्रतिलिपि विजक**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम नं ३९(५) मा सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई र कागजात संलग्न गरी रकम खर्च गर्नुपर्ने उल्लेख छ । पालिका भित्रको विभिन्न विद्यालयहरुमा विभिन्न बालकक्षा लगायत अन्य कक्षाहरुमा अति आवश्यक सामग्री सम्बन्धित विद्यालयले खरिद गरी प्रयोगमा ल्याएको भनी सामग्री खरिद गरेको विद्यालय र कार्यालयबाट सिफारिसको आधारमा खर्च रु ४७६०८० खर्च लेखेको छ ।यसमा विद्यालयले लागत अनुमान स्वीकृत नगरी प्रतिलिपी विलको आधारमा खर्च लेखेको देखियो ।भौचरको नमुना परीक्षण गर्दा निम्न विद्यालयको प्रतिलिपि विलको आधारमा भुक्तानी दिएकोले सक्कल विल पेश गर्नुपर्ने रु

| सिन | विद्यालयको नाम | सप्लायर्सको नाम | सामग्री | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | सिद्धवावा प्रा वि | दुर्गा फर्निचर उद्योग | गोलो टेवल | ८००० | प्रतिलिपि विल |
| २ | विद्याज्योती मा वि | दुर्गा फर्निचर उद्योग | विभिन्न फर्निचर | १०००० | प्रतिलिपि विल |
| ३ | हिमालयन प्रावि | सन्ध्या स्टेश्नरी सेन्टर | स्टेश्नरी सामग्री | २०८० | प्रतिलिपि विल |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | हिमालयन प्रा वि | जनसेवा फर्निचर उद्योग | ह्वाइट बोर्ड | ३०५१० | प्रतिलिपि बिल |
| | | जम्मा | | ५०५९० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,५९० |

## ५१ हस्तान्तरण नहुने निर्माण, मर्मत कार्य उपभोक्ताबाट गराएको

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम निर्माण पश्चातको स्वामित्व हुने, मर्मत सम्भारको जिम्मा उपभोक्ता समितिलाई दिने, निर्माण, मर्मत पश्चात आवश्यक मर्मत कार्य समेत उपभोक्ता समितिलाई दिन सकिने कार्य उपभोक्ता समिति मार्फत गराउन सकिने उल्लेख छ । गाउँपालिकाले निम्नानुसारका स्थान, संरचना समेत उपभोक्ता समिति मार्फत गराएको देखियो। उक्त निर्माण कार्यको आवधिक मर्मत समेत गाउँपालिकाले गर्नुपर्ने, स्वामित्व हस्तान्तरण हुन नसक्ने कार्य समेत उपभोक्ता समिति मार्फत गराएको नियमित नदेखिएको रु.

| भौ.नं., मिति | उपभोक्ता समितिको नाम | सम्पन्न रकम |
|---|---|---|
| १५७।०८०।२।४ | बाँसखर्क स्वास्थ्य चौकी मर्मत उपभोक्ता समिति | ३५६७२६ |
| २८६।०८०।३।२२ | शालिजा स्वास्थ्य चौकी थप कोठा निर्माण उपभोक्ता समिति | १३७४१२ |
| | जम्मा | ४९४१३८ |

| | |
|---|---|
| अनियमित भएको | ४,९४,१३८ |

## ५२ साठी लाख रुपैंया भन्दा बढीको लागत अनुमान

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) को (क१) बमोजिम साठीलाख रुपैयांभन्दा बढिको लागत अनुमान भएको कार्यको प्रत्येक कार्य इकाईमा उपभोक्ताको योगदानको अंश खुलाई लागत अनुमान एवं सम्झौता गर्नुपर्ने उल्लेख छ । केरावारी लामागरा तटबन्धन निर्माण उपभोक्ता समितिबाट काम गराउने गरी रु. ९०६६६५८/- को लागत अनुमान गरी उपभोक्ताको १० प्रतिशत योगदान रु. ९०६६६५/- रहने गरी सम्झौता गरेकोमा रु. ८९७८८७९/- को कार्य गरी उपभोक्ता समितिलाई रु. ८०८०९९९/- भुक्तानी गरेको देखिन्छ । नियमको प्रावधान बमोजिम लागत अनुमान तयार गर्दा प्रत्येक कार्य इकाइमा उपभोक्ताको अंश खुलाएको देखिएन । तसर्थ नियमानुसार उपभोक्ताको अंश प्रत्येक कार्य इकाईमा खुलाउनु पर्दछ ।

## ५३ लागत अनुमान

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ मा स्पेसिफिकेसन, डिजाइन तथा अन्य विवरण तयार गर्ने, दफा ५ मा लागत अनुमान तयार गर्ने, दफा ५क मा लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गर्नुपर्ने व्यवस्था छ। गोभै नं १४ मिति २०७९।१२।०६ बाट ओसन सर्जिकल टेड्र कन्सर्न प्रा.लि. बाट विजक नं ०१३ बाट ९ ओटा CG ब्रान्डको Refrigerator खरिद गरी रु २८४७६० भुक्तानी दिएको छ । ऐनको व्यवस्था अनुसार लागत अनुमान स्वीकृत नगरी खरिद गरेकाले अनियमित देखिएको रु.

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ५४ बढि भुक्तानी

प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत विद्याज्योति सेकेण्डरी स्कुलमा खेलकुद मैदान निर्माणको लागि पुम्दीकोट विल्डर्स प्रा.लि. सँग मु.अ. कर बाहेक रु. ४६९२७४०/- मा सम्झौता गरेको देखिन्छ । निर्माण व्यवसायीलाई प्रथम रनिङ विल वापत २१३०३९६/- दोस्रो रनिङ विल वापत रु. ३१७५९०२/- र पेश्की भुक्तानी रु. ४६९२७४/- समेत रु. ५७७५५७२/- भुक्तानी गरेकोमा कार्य सम्पन्नको प्राविधिक विलानुसार र ५६९९७२६/- को मात्र मु.अ. कर सहित कार्य गरेको देखिएकोले रु. ७५८४६/- बढि भुक्तानी देखिएकोले स्पष्ट गर्नुपर्ने अन्यथा उक्त रकम असुल उपर गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७५,८४६ |

## ५५ मू.अ. कर दर्ता बेगरका फर्मबाट खरिद

कार्यालयले मालसामान खरिद गर्दा मु.अ. करमा दर्ता भएमा फर्म/कम्पनी सँग खरिद गर्नुपर्दछ । भौ.नं. २९८ मिति २०८०।३।२२ मा वडा नं. ५ का वडा सचिव सागर आचार्यले निम्नानुसारका विल भर्पाई पेश गरेकोमा विल टुक्रा गरी एवं मु.अ. कर विजक बेगर खर्च गरेकोले खर्च नियमित नभएको रु.

| सप्लायर्सको नाम | विल मिति | रकम |
|---|---|---|
| मिलनसार फर्निचर उद्योग | ०८०।३।१८ | ४०००० |
| मिलनसार फर्निचर उद्योग | ०८०।३।१८ | ३०००० |
| मिलनसार फर्निचर उद्योग | ०८०।३।१२ | ४०००० |
| मिलनसार फर्निचर उद्योग | ०८०।३।१८ | ३३००० |
| उपहार भाडा पसल | ०८०।३।२० | २५००० |
| | जम्मा | १६८००० |

| | |
|---|---|
| अनियमित भएको | १,६८,००० |

५६ **ब्याक हु लोडर खरिद**

✂ ........*(प्रारम्भिक प्रतिवेदन उपर ब्याक हु लोडर खरिद गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१७ को निर्णयबाट ७००६०० सम्परीक्षण गरिएको)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५७ **ब्रदर्श हार्डवेयर एण्ड सप्लायर्स**

प्राविधिक इष्टिमेट एवं प्राविधिक जाँचपास गर्नुपर्ने प्रकृतिको खरिद कार्यलाई प्राविधिक कर्मचारीले प्रमाणित गर्नुपर्दछ । निम्नानुसार भौ.नं. तथा मितिबाट विभिन्न परिमाणको पाइप खरिद गरेकोमा सो पाइप प्रयोगको प्राविधिक पुष्टयाई गरि पेश हुनुपर्ने रु.

| भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|
| १७।०७९।७।२३ | विन्ध्यावासिनि हार्डवेयर पसल ४०० मि. पाइप | ६७०९४ |
| ३९।०७९।१०।१६ | हिमालयन मल्टिपल ट्रेडर्स<br>२० मि.मि. १५०० मि.<br>२५ मि.मि. २०० मि. | ८२४८२ |
| ६५।०७९।११।११ | पौडेल ट्रेडर्स ३०० मि. पोलिथिन पाइप | ९९०० |
| २४०।०८०।३।१९ | पौडेल ट्रेडर्स विभिन्न साइजको पाइप | २८८७४ |
| २४५।०८०।३।१९ | ब्रदर्श हार्डवेयर एण्ड सप्लायर्स<br>२० एम.एम. ६०० मी., २० एम.एम. ४४३ मी., | १२४११२ |
| | | ३१२४६२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,१२,४६२ |

## ५८ वि.ओ.क्यु. मा सवारी साधन

भौ.नं. २६ मिति २०७९।९।४ बाट वडा नं. २ को वडा कार्यालय निर्माणको लागि मु.अ. कर सहित पाचौं रनिङ विल वापत रु. १४४१३९८/- भुक्तानी गरेको देखिन्छ । प्रोभिजनल समको आइटम नं. ३ मा एक थान मोटरसाइकल खरिदको कार्य विवरणमा उल्लेख गरी रु. ४०३५००/- मा खरिद गरेकोमा BOQ मा सवारीसाधन राखी खरिद गर्ने कार्य गर्न नमिल्ने हुने लागत अनुमान तयार गर्दा नै यस प्रकारले गर्न नमिल्ने हुनाले अनियमित रकम रु

| | |
|---|---|
| अनियमित भएको | ४,०३,५०० |

## ५९ ल्याब टेष्ट रिपोट तथा सूचना पाटी

गाउँपालिकाले वडा नं. १,४,५,६,७ र ९ वडा कार्यालय भवन निर्माणको लागि जय लक्ष्मी अभिनव जे.भी. सँग खरिद सम्झौता गरि कार्यान्वयनमा रहेको देखिन्छ । भौ.नं. ७४ मिति २०७९।११।१५ बाट प्रथम रनिङ विल भुक्तानीमा रु. १२००००/- को ल्याब टेष्ट वापत र भौ.नं. १०९।०७९।१२।२२ बाट दोस्रो रनिङ विल भुक्तानीमा इन्फरमेशन बोर्ड वापत रु. ६००००/- प्रोभिजिनल सममा राखेको रकम भुक्तानी गरेकोमा सो परीक्षण एवं खरिदको विल भर्पाई पेश बेगर निर्माण व्यवसायीलाई भुक्तानी गरेकोले प्रमाण पेश हुनुपर्ने रु. १६००००/-

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६०,००० |

## ६० आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४४४५७६३७३ | १२७२८७३५ | २.८६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.८६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ६१ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २००००० | २४४३९६३ | १२९.१९ |
| घरजग्गा वहाल कर | ० | ० | ० |
| व्यवसाय कर | २५०००० | ५४३९५१ | २१७.५८ |
| वहाल विरौटी शुल्क | ० | ० | ० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

## ६२ राजश्व अनुमान र असुली

जलजला गाउँपालिका आर्थिक ऐन, २०७९ ले स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने, दण्ड जरिवाना शुल्क तोक्ने लगायत आन्तरिक आय संकलनको कार्य गर्ने उल्लेख छ। पालिका अन्तर्गतका देहाय बमोजिमका वडा कार्यालयहरुको दैनिक नगदी रसिद र चलानी किताव भिडान गरी नमूना परीक्षण गर्दा निम्नानुसारका सिफारिसमा आर्थिक ऐनले तोके बमोजिमको शुल्क संकलन गरेकोमा चलानी कितावमा सिफारिस पत्र दिएको तर तोके बमोजिमको शुल्क, दस्तुर लिएको देखिएन ।वडा कार्यालयको चालनी किताव र राजश्व उठाएको रसिदको केही कारोवार छड्के तथा नमुना छनौट गरि भिडान गर्दा देहायअनुसार छुट दिएको देखियो । आर्थिक ऐनले तोकेको शुल्क, दस्तुर मिनाहा गर्न नमिल्ने हुनाले उक्त रकम सम्बन्धितसँग असूल गर्नुपर्ने साथै अन्य छुट दिएको सम्बन्धमा पालिकाले थप छानवीन गर्नुपर्ने तथा यस सम्बन्धि विस्तृत विवरण अनुसूची ६ मा रहको छ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,००० |

**(विस्तृत विवरण बेरूजु दफा ६२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ६३ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु १०६८२६३४ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु १२७२८७३५ अर्थात अनुमान भन्दा १९.१५ प्रतिशत बढी

आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : जलजला गाउँपालिका, पर्बत , जलजला गाउँपालिका , पर्वत

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | कुशल सुवेदी | २०७९-४-१८ | २०८०-२-३० |
| कार्यालय प्रमुख | राजेन्द्र बहादुर क्षेत्री | २०७८-४-३ | २०७९-४-१७ |
| कार्यालय प्रमुख | फणिन्द्र प्रसाद आचार्य | २०८०-६-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | महेन्द्र सुवेदी | २०८०-७-११ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,२६५,२०८ | ७,२३२,३१८ | ७,८५०,१५१ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १६,३४७,६७७ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ७१४,६०० |

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १५,६३३,०७७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४४४३९४२२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३६४२६८३२३ | **चालु खर्च** | ३१९५०३२३४ |
| **प्रदेश सरकारबाट अनुदान** | ३०१८१००० | **पूँजीगत खर्च** | १६११९५१६० |
| **राजश्व बाँडफाँट** | ६९०२२८२० | **वित्तीय/अन्य व्यवस्था** | १२२३९३३३३ |
| **आन्तरिक आय** | १४१७७२३९ | | |
| **अन्य आय** | १२२५६५४४७ | | |
| **कुल आय** | ६००२१४८२९ | **कुल खर्च** | ६०३०९१७२७ |
| **बाँकी मौज्दात** | | ४१५६२५२४ | |

## बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची -२

| प्राप्ती भुक्तानी हिसाव | | | | | | |
|---|---|---|---|---|---|---|
| विवरण | यस वर्ष रु. | गतवर्ष रु. | | | | |
| बजेट | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | |
| प्राप्ती (क+ख) | ५९,७०,४६,१६२.७० | ४८,६७,५२,७१५.९२ | | ४८,६७,५२,७१५.९२ | ४५,७२,२१,४९२.८४ | ४५,७२,२१,४९२.८४ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ५८,२६,०३,२८९.०० | ४७,७६,४९,३८५.४२ | ० | ४७,७६,४९,३८५.४२ | ४३,५९,३५,०१३.९० | ४३,५९,३५,०१३.९० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११००० कर | ८,९७,२१,०००.०० | ७,४८,१९,६१४.७७ | ० | ७,४८,१९,६१४.७७ | ७,३६,३८,५३९.९१ | ७,३६,३८,५३९.९१ |
| १३००० अनुदान | ४५,५६,४५,०००.०० | ३९,४४,४९,३२३.७४ | ० | ३९,४४,४९,३२३.७४ | ३५,१५,९७,५१२.०४ | ३५,१५,९७,५१२.०४ |
| संघीय सरकार | ४१,९२,८८,०००.०० | ३६,४२,६८,३२३.७४ | ० | ३६,४२,६८,३२३.७४ | ३३,६९,०८,८००.०४ | ३३,६९,०८,८००.०४ |
| प्रदेश सरकार | ३,६३,५७,०००.०० | ३,०१,८१,०००.०० | ० | ३,०१,८१,०००.०० | १,४६,८८,७१२.०० | १,४६,८८,७१२.०० |
| १४००० अन्य राजस्व | ७५,३२,६३४.५८ | ८३,८०,४४६.९१ | ० | ८३,८०,४४६.९१ | १,०६,९८,९६१.९५ | १,०६,९८,९६१.९५ |
| ३२००० वित्तीय सम्पत्ति | २,९७,०४,६५४.४२ | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | १,४४,४२,८७३.७० | ९१,०३,३३०.५० | | ९१,०३,३३०.५० | २,१२,८६,४७८.९४ | २,१२,८६,४७८.९४ |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | १,४४,४२,८७३.७० | ४३,४०,७५६.४५ | ० | ४३,४०,७५६.४५ | १,९३,२४,३२३.१४ | १,९३,२४,३२३.१४ |
| धरौटी | ० | ४७,६२,५७४.०५ | ० | ४७,६२,५७४.०५ | १९,६२,१५५.८० | १९,६२,१५५.८० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ५९,७०,४६,१६२.७० | ४८,९६,२९,६१३.९३ | | ४८,९६,२९,६१३.९३ | ४५,८८,७८,१५७.२८ | ४५,८८,७८,१५७.२८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ५८,२६,०३,२८९.०० | ४८,०६,९८,३९४.४८ | | ४८,०६,९८,३९४.४८ | ४२,५०,५९,४००.१० | ४२,५०,५९,४००.१० |
| २१००० पारिश्रमिक / सुविधा | १०,७१,८३,९००.०० | ९,६६,५२,२९७.३२ | ० | ९,६६,५२,२९७.३२ | ३,०७,७३,८५८.७० | ३,०७,७३,८५८.७० |
| २२००० मालसामान तथा सेवाको उपयोग | ८,६४,१२,३६०.०० | ५,२१,२३,८२७.६५ | ० | ५,२१,२३,८२७.६५ | ४,२९,८१,४९०.३६ | ४,२९,८१,४९०.३६ |
| २५००० सहायता (Subsidy) | १६,३०,०००.०० | १३,५८,८००.०० | ० | १३,५८,८००.०० | २,०९,९१०.०० | २,०९,९१०.०० |
| २६००० अनुदान | १७,६१,६०,८४०.०० | १६,१९,७५,७४०.८३ | ० | १६,१९,७५,७४०.८३ | २०,०८,४३,१६३.०४ | २०,०८,४३,१६३.०४ |
| २७००० सामाजिक सुरक्षा | ७६,२१,०००.०० | ३८,२१,७८०.०० | ० | ३८,२१,७८०.०० | ४८,७४,२५०.०० | ४८,७४,२५०.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २८००० अन्य खर्च | ३९,२९,०००.०० | ३५,७०,७८८.०० | ० | ३५,७०,७८८.०० | १७,९०,०४५.०० | १७,९०,०४५.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १९,९६,६६,१८९.०० | १६,११,९५,१६०.६८ | ० | १६,११,९५,१६०.६८ | १४,३५,८६,६८३.०० | १४,३५,८६,६८३.०० |
| ३२००० वित्तीय सम्पत्ति | ० | ० | ० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | १,४४,४२,८७३.७० | ८९,३१,२१९.४५ | | ८९,३१,२१९.४५ | ४५,८८,७८,१५७.२८ | ४५,८८,७८,१५७.२८ |
| कोषहरु | १,४४,४२,८७३.७० | ७८,१०,५३९.४५ | ० | ७८,१०,५३९.४५ | ३,३३,८५,६१४.१८ | ३,३३,८५,६१४.१८ |
| धरौटी | ० | ११,२०,६८०.०० | ० | ११,२०,६८०.०० | ४,३३,१४३.०० | ४,३३,१४३.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (२८,७६,८९८.०१) | | (२८,७६,८९८.०१) | (१६,५६,६६४.४४) | (१६,५६,६६४.४४) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ४,४४,३९,४२२.४५ | | ४,४४,३९,४२२.४५ | ३,४०,३९,८४९.२४ | ३,४०,३९,८४९.२४ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ४,१५,६२,५२४.४४ | | ४,१५,६२,५२४.४४ | ३,२३,८३,१८४.८० | ३,२३,८३,१८४.८० |
| | | | | | | |
| बैंक तथा नगद बाकी | | ३,९५,६२,५२४.४४ | | ३,९५,६२,५२४.४४ | ३,६९,९५,०४३.१५ | ३,६९,९५,०४३.१५ |
| | | | | | | |

## बेरूजु दफा ११ सँग सम्बन्धित विवरण - अनुसूची -३

| भौ.नं. र मिति | विवरण | अनुदान रकम |
|---|---|---|
| १४७।०८०।१।३१ | महिला चेतना केन्द्रलाई सोफासेट, फर्निचर, कुर्ची आदि उपलब्ध गराएको | १५०००० |
| १७३।०८०।२।१० | बाजा बजाउनेलाई पोशाक खरिद | १९९१० |
| १८२।०८०।२।१६ | होटल पुष्पको विलानुसार प्रयोजन बेगरको खाना, खाजा खर्च | १४५९९ |
| १८६।०८०।२।२१ | नेपाल सरकारले सुचीकृत गरेको मगर जातिको भेषभुषा खरिद | ५०००० |
| १९६।०८०।२।२८ | माझी बोटे उत्थान समिति, सारी वितरण | ५०००० |
| २०१।०८०।२।२९ | नव उत्साही समुह, लाखे नाच तथा सो को लागि कपडा | १००००० |

| | | |
|---|---|---|
| २१५।०८०।३।५ | लक्ष्य सफल आमा समूह भाँडाकुँडा खरिद | ६०००० |
| २२९।०८०।३।१३ | बनौं सोरठी समूह, सोरठी नृत्य समूह तालिम | ९६०० |
| २३७।०८०।३।१७ | लेकफाँट पुख्यौंली सोरठी समूह नृत्य तालिम | ९९२०० |
| ३४१।०८०।३।२४ | नौमती बाजा सेट खरिद भुक्तानी | १५०००० |
| २५७।०८०।३।२० | कैडाँडा मण्डली पुख्यौंली सोरठी समूह | ९६००० |
| २७७।०८०।३।२१ | थामा परिवर्तन आमा समूह, भाँडाकुँडा खरिद | ५०००० |
| २८२।०८०।३।२२ | वावा विश्वकर्मा समूहलाई फर्निचर खरिद | ४८००० |
| ३१९।०८०।३।२२ | पर्वत जिल्ला बास्केटबल संघ | ४०००० |
| ३१८।०८०।३।२३ | होटल तथा स्पोर्टसका सामान खरिद | २८८००० |
| ३०५।०८०।३।२२ | पञ्चे बाजा खरिद | १५०००० |
| ३०४।०८०।३।२२ | मादल, झ्याली खरिद | ९९६६६ |

**बेरूजु दफा ४१ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| कर्मचारीको दर्जा, नाम | कार्यालय | बैठक संख्या | दर | जम्मा | करपश्चात भुक्तानी |
|---|---|---|---|---|---|
| सचिव, श्री रामेश्वर अर्याल | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ४ | १५०० | ६००० | ५१०० |
| प्रशासकीय अधिकृत, श्री दिलिप सुवेदी | जिल्ला प्रशासन कार्यालय पर्वत | ४ | १५०० | ६००० | ५१०० |
| ई श्री प्रविण गौतम | जलजला गा.पा. | ४ | १५०० | ६००० | ५१०० |
| शाखा अधिकृत श्री रामप्रसाद पौडेल | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ३ | १५०० | ४५०० | ३८२५ |
| अधिकृत छैटौ श्री जनक राना | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ३ | १५०० | ४५०० | ३८२५ |
| अधिकृत छैटौ श्री प्रताप शर्मा | जलजला गा.पा. | २ | १५०० | ३००० | २५५० |
| जम्मा | | | | ३०००० | २५५०० |

**बेरूजु दफा ६२ सँग सम्बन्धित विवरण - अनुसूची -५**

| वडा नं. | चलानी नम्बर | चलानी मिति | विषय | छुट रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| वडा नं. ३ | ७५८ | २०८०।१।३ | Birth Certificate | २०० |
| वडा नं. ३ | ७५९ | २०८०।१।३ | ठेगाना प्रमाणित सम्बन्धमा | २०० |
| वडा नं. ३ | ७६६ | २०८०।१।४ | Tax Clearance Certificate | २०० |
| वडा नं. ३ | ७७२ | २०८०।१।५ | नाता प्रमाणित सिफारिस | २०० |
| वडा नं. ३ | ७७४ | २०८०।१।५ | Verification of different document | २०० |
| वडा नं. ३ | ७७५ | २०८०।१।५ | Verification of income | २०० |
| वडा नं. ३ | ७८१ | २०८०।१।७ | चारकिल्ला सिफारिस | २०० |
| वडा नं. ३ | ७८३ | २०८०।१।५ | नाता प्रमाणित | १०० |
| वडा नं. ३ | ७८४ | २०८०।१।५ | चार किल्ला सिफारिस | २०० |
| वडा नं. ३ | ७९७ | २०८०।१।१० | Verification of income certificate and other 8 documents | १५०० |
| वडा नं. ३ | ८०४ | २०८०।१।१० | सिफारिस सम्बन्धमा | २०० |
| वडा नं. ३ | ८०६ | २०८०।१।११ | चार किल्ला प्रमाणित | २०० |
| वडा नं. ३ | ८०७ | २०८०।१।१२ | Relationship verification | २०० |
| वडा नं. ३ | ८०८ | २०८०।१।१२ | Annual income certificate | ५०० |

| | | | | |
|---|---|---|---|---|
| वडा नं. ३ | ८०९ | २०८०।१।१२ | Tax Clearance Certificate | २०० |
| वडा नं. ३ | ८१९ | २०८०।१।१४ | Verification of income certificate and other 8 documents | १५०० |
| वडा नं. ३ | ८३६ | २०८०।१।२० | चारकिल्ला प्रमाणित | २०० |
| वडा नं. ३ | ८४० | २०८०।१।२० | चारकिल्ला प्रमाणित | २०० |
| वडा नं. ३ | ८५० | २०८०।१।२० | चारकिल्ला प्रमाणित | २०० |
| वडा नं. ३ | ८५१ | २०८०।१।२६ | Verification of relationship | २०० |
| वडा नं. ३ | ८६६ | २०८०।१।२९ | चारकिल्ला प्रमाणित | २०० |
| वडा नं. ३ | ८६७ | २०८०।१।३१ | बाटोले छोएको | ३०० |
| वडा नं. २ | ६०९ | २०७९।९।११ | नागरिकता सिफारिस | २०० |
| वडा नं. २ | ६१८ | २०७९।९।१३ | नागरिकता प्रतिलिपि | ३०० |
| वडा नं. २ | ६२१ | २०७९।९।१४ | पारिवारिक विवरण | २०० |
| वडा नं. २ | ६३५ | २०७९।९।१९ | चार किल्ला प्रमाणित | २०० |
| वडा नं. २ | ६३६ | २०७९।९।१९ | चार किल्ला प्रमाणित | २०० |
| वडा नं. २ | ६३८ | २०७९।९।२० | एउटै व्यक्ति सिफारिस | २०० |

| | | | | |
|---|---|---|---|---|
| वडा नं. २ | ६४१ | २०७९।९।२० | सिफारिस | २०० |
| वडा नं. २ | ६४२ | २०७९।९।२० | सिफारिस | २०० |
| वडा नं. २ | ६५५ | २०७९।९।२५ | व्यवसाय नवीकरण | २०० |
| वडा नं. २ | ६६४ | २०७९।९।२९ | Relationship Certificate | ५०० |
| वडा नं. ५ | ३३९ | २०७९।९।६ | नागरिकता सिफारिस | २०० |
| वडा नं. ५ | ३६१ | २०७९।९।१८ | व्यवसाय थप सम्बन्धी सिफारिस | २०० |
| वडा नं. ५ | ३७६ | २०७९।९।१८ | सिफारिस सम्बन्धमा | २०० |
| वडा नं. ५ | ३७७ | २०७९।९।१८ | सिफारिस सम्बन्धमा | २०० |
| वडा नं. ५ | ३७८ | २०७९।९।१८ | नाता प्रमाणित | २०० |
| वडा नं. ४ | ५२४ | २०७९।८।१८ | Certificate of annual income and others | १५०० |
| वडा नं. ४ | ६४८ | २०७९।९।१७ | चरित्र प्रमाणित | ३०० |
| वडा नं. ४ | ६४९ | २०७९।९।१८ | ठेगाना प्रमाणित | ३०० |
| वडा नं. ४ | ६५० | २०७९।९।१८ | नाता प्रमाणित | ५०० |
| वडा नं. ४ | ६५१ | २०७९।९।१८ | नाता प्रमाणित | ५०० |

| | | | | |
|---|---|---|---|---|
| वडा नं. ४ | ६५२ | २०७९।९।१८ | ठेगाना प्रमाणित | ३०० |
| वडा नं. ४ | ६५३ | २०७९।९।१८ | चरित्र प्रमाणित | ३०० |
| वडा नं. ४ | ६५४ | २०७९।९।१८ | नाता प्रमाणित | ५०० |
| वडा नं. ४ | ६५५ | २०७९।९।१८ | चरित्र प्रमाणित | ३०० |
| वडा नं. ४ | ६५६ | २०७९।९।१८ | नाता प्रमाणित | ५०० |
| वडा नं. ४ | ६५७ | २०७९।९।१८ | चरित्र प्रमाणित | ३०० |
| | | | जम्मा | १६००० |